Regd. No.: 392/047/048

# ओरेक नेपाल
# WOREC Nepal

मिती २०७१ मंसिर २२ गते

Ref. No.:

**प्रशे विज्ञप्ती**

**महिलामाथि हुने यौन हिंसा : विषेशत द्वन्द्वकालमा भएका यौन हिंसाका घटना विरुद्ध "महिला इजलाश"**



आज नोभेम्बर ८, २०१४ अर्थात २०७१ मंसिर २२ गते ओरेक, महिला मानवअधिकार रक्षकहरुको राष्टिय संजाल , नागरिक आवाज र एड्भोकेशि फोरमको संयुक्त आयोजनामा द्वन्द्वकालमा भएका यौन हिंसा विरुद्धको "महिला इजलाश" राष्ट्रिय मानवअधिकार आयोगको सभा कक्षामा सम्पन्न भएको छ । कार्यक्रममा विभिन्न जिल्लाका द्वन्द्वकालमा यौन हिंसाबाट प्रभावित १० जना महिलाहरुले आफुमाथि भएका यौन हिंसाका घटनाबारे सुनवाई गर्नु भएको थियो । कार्यक्रमा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष माननिय अनुपराज शर्मा, सदस्य माननिय सदस्य मोहन अन्सरी लगायत अन्य माननिय सदस्य ज्यूहरु, नेपाल सरकारका प्रतिनिधीहरु, पत्रकार ज्यूहरु, एम्नेष्टि इन्टरनेशल नेपालका प्रमुख ज्यू लगायत विभिन्न महिला अधिकारकर्मिहरु, मानवअधिकारकर्मि र नागरिक समाजका सदस्य ज्यू हरुको सहभागिता रहेको थियो । त्यसैगरि यस महिला इजलाशमा अन्तराष्ट्रिय निर्णायक मण्डलीका निम्न सदस्यहरुको सहभागिता रहेको भएको थियो : रोशमी घोसामी , नथ्र इस्ट नेटर्वक , इन्डिया, कुमि स्यामुल , वमन एक मिडिया कलेक्टीभ डि ए डब्लु एन,श्रीलंका, डा. ऐजली एनफोस्टर , दक्षिण अफ्रिका, टेशा खान, एपिडब्लुएडी , रिता थापा ,नेपाल, ग्रेस हारबोर , इन्टरनेशनल क्रिमिनल ट्राइबुनल फर द फरमर युगोस्लाभिया रहनु भएको थियो ।

द्वन्द्वकालमा भएका यौन हिंसा, शोषण, दुव्यवहार र बलात्कारबाट प्रभावित महिलाहरुले आफुमाथि भएका घटनाका बारेमा खुलेर भन्न सकुन र उनिहरुको घटनालाई सरकारले सम्बोधन गरिएको भन्ने प्रमुख उद्देश्यका साथ यो महिला इजलाशको आयोजना गरिएको थियो । कार्यक्रममा सुनाईएका सबै घटनाहरुलाई समेटि निर्णयक मण्डलीका सदस्य ज्यूहरुले नेपालका निती, नियम , ऐन र कानुनमा आधारित हुदै अन्तराष्ट्रिय अनुभाव र कानुनलाई समेत आधारमानि आफ्नो सुझाव राष्ट्रिय मानव अधिकार आयोगका माननिय अध्यक्ष ज्यू समक्ष सुझाव प्रस्तुत गरेको

महिलाअधिकार मानवअधिकार

BALKUMARI, LALITPUR, P.O.BOX : 13233,KATHMANDU , NEPAL
Voice : (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Hotline : 1660-01-78910 Fax : (977)-1-5006271
Email : ics@worecnepal.org URL : www.worecnepal.org

छ । निर्णय मण्डलका सदस्यहरुबाट आएका कुरालाई मानवअधिकार आयोगका माननिय अध्यक्ष ज्यूबाट आयोगले यि मुद्दाहरु सम्बोधनका लागि आफ्नो तर्फबाट निरन्तर प्रयास गर्नुका सार्थ नेपाल सरकारका निती निर्मातहरुसंग पनि यस्ता जघन्य घटनाहरुको सम्बोधनका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता प्रस्तुत गर्नु भएको छ ।

बाबु राम गौतम
कार्यकारी निर्देशका